## जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC), रसुवा

बैठक संख्या :- ५ | समय :- दिनको १:०० बजे
मिति :- २०७७/०१/२८ | स्थान :- जिल्ला प्रशासन कार्यालय, रसुवा

**सल्लाहकारः**

| | |
|---|---|
| श्री कूल प्रसाद भट्ट | प्रमुख जिल्ला समन्वय समिति, रसुवा |
| श्री भवानी प्रसाद न्यौपाने | बागमती प्रदेश सदस्य, गाउँपालिका महासंघ। |

**जिल्ला समितिः**

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री अर्जुन भण्डारी | संयोजक |
| जिल्ला समन्वय अधिकारी | श्री मिना अर्याल | सदस्य |
| प्रमुख सेनानी | श्री सविन्द्र नगरकोटी | सदस्य |
| प्रहरी नायव उपरीक्षक | श्री ईन्द्र प्रसाद सुवेदी | सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | श्री किरण पौडेल | सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | श्री देवेन्द्रराज उप्रेती | सदस्य |
| जनस्वास्थ्य अधिकृत | श्री किरण श्रेष्ठ | सदस्य |
| निमित्त मेडिकल सुपरिटेन्डेन्ट | डा. अनिल कुमार खरेल | सदस्य |
| सहायक प्रमुख जिल्ला अधिकारी | श्री सपना कुमारी भट्टराई | सदस्य-सचिव |

**आमन्त्रितः**

| | |
|---|---|
| श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष, गोसाईकुण्ड गाउँपालिका |
| श्री उपेन्द्र लम्साल | अध्यक्ष, उत्तरगया गाउँपालिका |
| श्री बुचुङ तामाङ | अध्यक्ष, आमाछोदिङ्गो गाउँपालिका |
| श्री कर्न्याल तामाङ | अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी(ने.क.पा.) |

| | |
|---|---|
| श्री पेम्वा छिरिङ तामाङ | सभापति, नेपाली कांग्रेस, रसुवा |
| श्री सिर्जना लामा | उपाध्यक्ष, नौकुण्ड गाउँपालिका |
| श्री बाबुलाल तामाङ | अध्यक्ष. नागरिक समाज रसुवा |
| श्री सुप्साङ तामाङ | अध्यक्ष, उद्योग वाणिज्य संघ, रसुवा |
| श्री राजु तितुङ | का.वा.अध्यक्ष, निर्माण व्यवसायी संघ, रसुवा |
| श्री संजिव अमात्य | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श, रसुवा |
| श्री सूर्य गोले | कार्यक्रम अधिकृत, नेपाल रेडक्रश सोसाईटी, रसुवा |
| श्री प्रमोद कुमार तितुङ | जै. से. से. महासंघ (रसुवा) / फोकल (अर्थ कार्य-प्रवक्ता) |
| श्री शिला मगर | जै. स. स. महासंघ (उपाध्यक्ष), रसुवा |

## निर्णयहरु

१. बन्दाबन्दी (Lockdown) अवधिमा औषधी,स्वास्थ्य सामग्रीजस्ता अत्यावश्यक बस्तुको उत्पादन तथा विक्री वितरण, खाद्यबस्तु लगायत कृषि तथा पशुजन्य उत्पादन तथा विक्री वितरण, औद्योगिक वस्तुको उत्पादन तथा विक्री वितरण, विकास आयोजना सञ्चालनका लागि आवश्यक पर्ने ढुगां, गिट्टी, वालुवा लगायतका निर्माण सामग्रीको ढुवानी र न्यूनतम बैकिङ्ग सेवा तथा वित्तीय सेवालाई सुचारु गर्न केन्द्रीय कोभिड-१९ क्राइसिस म्यानेजम्यान्ट सेन्टर र प्रदेश क्राइसिस म्यानेजम्यान्ट सेन्टरसँग आवश्यक समन्वय गरी सम्वन्धित जिल्लाको कोभिड-१९ क्राइसिस म्यानेजम्यान्ट सेन्टरले संक्रमण जोखिमको अवस्था मूल्याङ्कन गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी/गराई, सामाजिक दुरी कायम गरी गराई जिल्लास्तरमा क्रियाकलापहरु सञ्चालन गराउने नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१।२४ गतेको निर्णयानुसार यस जिल्लाको हकमा प्रकरण ४ मा उल्लेख भएका क्रियाकलापहरु निम्न पूर्व शर्तहरुको पालना गर्ने गरी जिल्लास्तरमा सञ्चालनको व्यवस्था मिलाउने।

क) नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१।२४ गतेको निर्णयको प्रकरण ४ मा उल्लेखित क्रियाकलाप सञ्चालन गर्न चाहने निकायले कार्यस्थल रहेको सम्वन्धित वडा कार्यालयको कार्य सहमति सहितको सिफारिश सहित जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (District Corona Crisis Management Center-DCCMC)ले तयार गरेको निश्चित ढाँचामा फाराम अनुसारको निवेदन दिनुपर्ने। उक्त निवेदन र संलग्न भएको कागजात स्वास्थ्य प्रोटोकल अनुसार भए/नभएको अनुगमन गरी जिल्लास्तरीय अनुगमन समितिले कार्य गर्न सहमति दिने।

ख) जिल्ला बाहिरबाट निर्माण सम्बन्धी मालसामान ढुवानी हुने सवारी साधनका हकमा सक्रिय संक्रमण भएका र आसपासका जोखिमयुक्त जिल्ला/स्थानबाट ढुवानी गर्नैपर्ने भए ढुवानीमा प्रयोग हुने सवारी साधनलाई भन्सार विन्दु तथा सम्बन्धित उद्योग प्रतिष्ठानहरुमा नै सवारी साधनको निसंक्रमण (Disinfection) हुने र सवारी चालक र परिचालकको स्वास्थ्य जाँच हुने व्यवस्था गरेर मात्र सम्बन्धित ढुवानी गर्ने निकायले ढुवानीको व्यवस्था मिलाउनुपर्ने। रसुवा जिल्ला प्रवेश गर्दा बेत्रावतीस्थित चेकपोष्टमा यसको निस्सा चेकजाँच हुने र कार्यान्वयन नभएको पाइएमा प्रवेशमा रोक लगाउने। यस्ता सवारी साधनलाई खाल्टेबगरमा अवस्थित पार्किङबाट सामानहरु लोड/अनलोड गरेर मात्र रसुवाका विभिन्न स्थानहरुमा प्रवेश गराउने।

ग) रसुवा जिल्लामा प्रवेश गर्ने कुनै पनि मालबाहक सवारी साधनमा यात्रुहरु राख्न नपाइने, बेत्रावती प्रवेश विन्दुमा त्यस्ता सवारी साधनका सवारी चालक र परिचालकको नाम, जन्म मिति, रसुवा प्रवेश गरेको र फर्केको मिति सहितको विवरणका साथै स्वास्थ्य स्क्रिनिङ सहित **"Travel History Card"** जारी गर्ने र सवारी साधन फर्की जाँदा सोही विवरण बमोजिमको व्यक्ति भए/नभएको जाँच गर्ने। झुठ्ठा विवरण दिई यात्रा गरेको पाइएमा सवारी साधन नियन्त्रणमा लिइ कारबाही गर्ने।

घ) जिल्लाबाहिर अन्य नजिकका जिल्लाहरुबाट ढुवानी हुने मालसामानका हकमा बेत्रावतीमा निसंङ्क्रमण (Disinfection) गरी, हेल्थ डेस्कबाट चालक र परिचालकलाई सम्बन्धित स्थानमा जान अनुमति दिने।

ङ) जिल्ला बाहिरबाट ढुवानी हुने निर्माण सम्बन्धी सामग्रीको हकमा सम्वन्धित निकाय/कम्पनी/फर्म/उद्योग/पसलले कार्य सञ्चालनका लागि १ को बुँदा "क" अनुसार कागजातहरु पेश गरेको हुनुपर्नेछ। यसरी जिल्लास्तरीय अनुगमन समितिबाट सञ्चालन सहमति प्राप्त गरेकालाई मात्र निर्माण सम्बन्धी मालसामान ढुवानीका लागि सवारी अनुमति उपलब्ध गराइनेछ।

यसका साथै यसअघि कार्यान्वयन भइरहेको समय बेलुकी ५:०० बजेदेखि बिहान ६:०० बजेसम्म मात्र जिल्लाभित्र ढुवानी हुने व्यवस्था नै लागू गर्ने ।

च) खाद्यान्न लगायत अन्य अत्यावश्यक मालवस्तु ढुवानी गर्ने व्यवसायीले व्यवसाय फर्म दर्ताको कागज वा व्यक्तिगत अनुरोध सहित सवारी साधनको ब्लुबुक, सवारी चालक अनुमतिपत्र र सम्बन्धित वडा कार्यालयको ढुवानी सहमति सिफारिश कागजात सहित अनलाईन फर्म भर्नुपर्ने ।

छ) जिल्लाभित्र एक स्थानबाट अर्को स्थानमा ढुवानी हुने निर्माण सामग्री तथा खाद्यान्न लगायत सामग्री ढुवानी गर्ने सवारी साधनको हकमा सम्बन्धित वडा कार्यालयले गरेको सिफारिशका आधारमा नजिकको सुरक्षा पोष्टबाट जारी गरिने **"ढुवानी कार्ड"** का आधारमा सञ्चालन गर्न दिने, सवारी अनुमति (vehicle pass) आवश्यक नपर्ने ।

ज) व्यक्तिगत घर/भवन निर्माण गर्दा बाहिरका श्रमिकहरु प्रयोग नहुने गरी र सम्बन्धित स्थानका बढिमा १० जना कामदारहरु प्रयोग हुने गरी स्थानीय वडा कार्यालयको सिफारिशका आधारमा निर्माण गर्न अनुमति दिने ।

झ) सम्बन्धित विकास योजना सञ्चालन गर्ने निकायले एक स्थानमा एक पटकमा १० जना भन्दा बढि कामदार प्रयोग गर्न नहुने । त्यस्तै बैंक तथा वित्तीय संस्था, सेवा प्रदायक कार्यालय तथा अन्य पसलहरुमा एक पटकमा एक ठाँउमा ५ जना भन्दा बढि मानिसहरु तथा कर्मचारी/कामदारहरुको भीडभाड नहुने व्यवस्था मिलाउनुपर्ने र कम्तीमा १ मिटरको भौतिक दुरी कायम गर्ने ।

ञ) विकास निर्माण सम्बन्धी आयोजनाहरुमा काम गर्ने श्रमिकहरुलाई सम्बन्धित आयोजनाले दैनिक रुपमा अनिवार्य स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाई एकै स्थानमा आवासको व्यवस्था गर्ने । श्रमिकहरुलाई कार्यस्थलमै खाना/खाजाको व्यवस्था मिलाउने । स्थान अभाव भएमा स्थानीय निकायको समन्वयमा सम्बन्धित वडाभित्रका सार्वजनिक सामुदायिक भवन वा सरकारी तथा निजी विद्यालय वा खाली स्थानमा स्थानीय व्यक्तिहरुसँग सम्पर्क नहुने गरी सुरक्षित आवासको व्यवस्था गर्ने । यस सम्बन्धी खर्च सम्बन्धित निर्माण व्यवसायीले व्यहोर्ने । त्यस्तै उद्योगहरूले कार्यस्थललाई अनिवार्य रुपमा स्यानिटाइजेसन गर्ने र नियमित स्वास्थ्य जाँच तथा स्वास्थ्य सुरक्षाको सुनिश्चितता गरी देहायका उद्योग व्यवसायहरु सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

२. विकास निर्माण योजना, उद्योग तथा कलकारखाना, ढुवानी सेवा तथा सञ्चालनका लागि अनुगमन, समन्वय गर्नका लागि प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (Province Corona Crisis Management Center-PCCMC) को मिति २०७७।१।२४ गतेको निर्णय निर्देशन समेतका आधारमा सञ्चालन, अनुगमन गर्न र सम्बन्धित निकायहरुसँग समन्वय गर्नका लागि **जिल्लास्तरीय अनुगमन समिति गठन** गर्ने । उक्त समितिले योजना/उद्योग/व्यवसाय सञ्चालनका लागि अनुगमन गर्नेछ ।

- प्रमुख जिल्ला अधिकारी- संयोजक
- जिल्ला समन्वय अधिकारी-सदस्य
- जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु- सदस्य
- विकास निर्माण/आयोजना/योजना सञ्चालन हुने सम्बन्धित गाउँपालिकाका प्रमुख- सदस्य

३. जिल्लाबाहिरबाट जिल्लामा प्रवेश हुने मानिसहरुको आवागमनलाई निरुत्साहन गर्ने । जिल्लाबाहिरबाट आउन चाहने अत्यावश्यकीय कार्यसँग सम्बन्धित सरकारी तथा अर्धसरकारी कार्यालयका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा जलविद्युत आयोजनाका कर्मचारी लगायत अन्य सबैले सवारी साधन अनुमति पाससहित जिल्लाबाहिर आफू

बसोबास गरिरहेको सम्बन्धित स्थानीय तहको वडा कार्यालयको १४ दिनको अवधिमा उक्त एकै स्थानमा बसोबास गरेको प्रमाणित कागजात पनि अनिवार्य पेश गर्नुपर्ने ।

४. उत्तरगया गाउँपालिकाको बेत्रावतीबाट प्रवेश गर्ने सबै प्रकारका सवारी साधनलाई निसंक्रमण (Disinfection) गराई मात्र रसुवा प्रवेश हुने व्यवस्था मिलाउनका लागि **"Disinfection Tunnel"** निर्माण कार्य ३ दिनभित्र तयार गर्न सम्बन्धित गाउँपालिकाको संयोजनमा कार्यान्वयन हुने गरी उद्योग वाणिज्य संघ रसुवा, चेम्बर अफ कमर्श रसुवा, निर्माण व्यवसायी संघ रसुवालाई संयुक्त जिम्मेवारी तोक्ने ।

५. उत्तरगया गाउँपालिकाको बेत्रावतीमा हुने चेकजाँचलाई थप प्रभावकारी बनाउने । बेत्रावतीस्थित हेल्थ डेस्क (Health Desk) मा थप स्वास्थ्यकर्मी/जनशक्ति खटाई दैनिक दुई सिफ्टमा कम्तीमा ४।४ जनाका दरले व्यवस्थापन गरी कार्यहरु गर्नका लागि २०७७।१।२७ गतेदेखि जनशक्ति खटाउने । त्यस्तै मैलुङस्थित हेल्थ डेस्क (Health Desk) मा समेत कार्य जिम्मेवारीसहित थप स्वास्थ्यकर्मी/जनशक्ति खटाउने । यसका लागि सम्बन्धित गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी र अन्य सङ्घसंस्थासँगको समन्वयमा स्वास्थ्य कार्यालयले आवश्यक जनशक्ति व्यवस्थापन, खटनपटन र दैनिक कार्यको प्रतिवेदनको व्यवस्था मिलाउने ।

६. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१।२४ गतेको निर्णय बमोजिम जिल्लास्तरमा देहायका क्रियाकलापहरु सञ्चालन गर्न नपाइने र पूर्णरुपमा बन्द रहने ।

- विश्वविद्यालय, क्याम्पस विधालय लगायत सबैप्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरु,
- गैरखाद्य वस्तु बिक्री वितरण गर्ने व्यावसायिक मल सिनेमा हल, पार्टी प्यालेस, फनपार्क लगायतका सार्वजनिक स्थलहरु
- सार्वजनिक जमघट, धार्मिक स्थलहरु (मन्दिर,गुम्बा,मस्जिद,चर्च,गुरुद्वारा आदि) मा हुने भेला एवं धार्मिक तथा सांस्कृतिक कार्यक्रमस्थलहरु
- रङ्गशाला, खेलकुद स्थल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल तथा जीमखाना, फिटनेस सेन्टर, सैलुन, ब्यूटीपार्लरहरु ।
- होटेल, वार, रेष्टुरेन्टहरु
- स्थानीय प्रशासनबाट सवारी पाएका बाहेक सबै प्रकारका यात्रुवाहक सवारी साधनहरु ।
- १२ बर्ष मुनिका बालबालिका, अशक्त भएका ब्यक्ति, विरामी, ७० बर्ष पुरा भएका जेष्ठ नागरिक र गर्भवती महिलाहरुको आवतजावत तथा हिडडुलका गतिविधिहरु

**नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७।१।२४ गतेको निर्णयको प्रकरण ४ मा उल्लिखित क्रियाकलाप मध्ये कोभिड-१९ स्वास्थ्य सम्वन्धी शर्तको पालना गर्ने गराउने गरी मात्र यस जिल्लाको हकमा जिल्लास्तरमा सञ्चालन हुने क्रियाकलापहरु।**

**१. कृषि तथा पशुपंक्षीजन्य सम्बन्धी :**

- खाद्यबस्तु र अन्य बाली लगाउने तथा पाकेको बाली भित्र्याउने कार्य
- पशुपंक्षी पालन, माछा पालन, कुखुरापालन तथा बिक्री वितरण
- फलफूल, तरकारी,दुग्ध र दुग्धजन्य पदार्थको उत्पादन सङकलन भण्डारण र बिक्री विरतण
- नर्सरीबाट बिरुवाको उत्पादन, घाँस तथा दाना उत्पादन र बिक्री वितरण
- कृषि बीउ -बिजन उत्पादन, भण्डारण र बिक्री वितरण

**२. स्वास्थ्य सेवा सम्बन्धी :**

- सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरु
- औषधी पसलहरु (आयुर्वेद, होमियोप्याथिक समेत) को सञ्चालन,
- एग्रोभेट र भेटेनरी औषधी पसलहरुको सञ्चालन र तत् सम्बन्धी सेवा।
- जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट पाठ्यपुस्तक बिक्रीको अनुमति लिएका पुस्तक पसल

**३. ढुवानी सेवा सम्बन्धी :**

- माथि उल्लेखित कृषि तथा पशुपन्छीजन्य र स्वास्थ्य सेवासँग सम्बन्धित सबै प्रकारका बस्तु तथा सेवामा प्रयोग हुने ढुवानीका साधनहरु
- भन्सार जाँचपास भइ आएका उधोग प्रतिष्ठानबाट लोड लिइ मालसामान बोकेका र मालसामान गन्तव्यमा पुर्याइ फर्किने ढुवानीका साधनहरु
- पानी, ग्याँस, पेट्रोलियम पदार्थ बोकेका ढुवानीका साधनहरु
- औधोगिक कच्चा पदार्थहरु र तयारी मालवस्तु बोकेका ढुवानीका साधनहरु
- विकास आयोजनामा प्रयोग हुने उपकारण लाने /ल्याउने र निर्माण सामाग्री बोकेका ढुवानीका साधनहरु।
- कृषि सामग्री , रासायनिक मल एवम् प्राङ्गारिक मल बोकेका ढुवानीका साधनहरु ,
- विधालयका पाठ्यपुस्तकको ढुवानी गर्ने प्रयोजनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट अनुमति लिएका ढुवानीका साधनहरु।

**४. विकास/आयोजना सम्बन्धी**

- जलविद्युत् आयोजना, सिंचाइ आयोजना, खानेपानी आयोजना, विमानस्थल, सडक तथा पुल, सरकारी भवन निर्माण तथा प्रबलीकरण र एक स्थानमा एक पटकमा अधिकतम १० (दश) जनामा नबढ्ने गरी सञ्चालन गरिने अन्य सहरी पूर्वाधार बिकास निर्माणका कामहरु।
- ढुंगा-गिट्टी, बालुवा लगायत निर्माण सामग्रीहरुको उत्पादन, सङकलन र ढुवानीसम्वन्धी कार्य
- नदी नियन्त्रणका कार्यहरु

५. **सार्वजनिक सेवा सम्बन्धी :**

- बैंक तथा वित्तीय संस्था मार्फत अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने कर्मचारीमध्ये एक तिहाई कर्मचारीद्वारा सेवा सञ्चालन गर्ने ।

६. **औद्यौगिक उत्पादन सम्बन्धी**

- चामल, दाल, तेल, पाउरोटी, पिठो जस्ता दैनिक उपभोग्य खाधबस्तु, पानी प्रशोधन गर्ने उधोगहरु ।
- घरेलु तथा साना उद्योगहरु,
- सवारी साधनहरुको मर्मत गर्ने वर्कशप, इन्टरनेट जडान र मर्मत, प्लम्विङ तथा इलेक्ट्रिकल सेवा र पम्प सञ्चालन

## सम्बन्धित आयोजना/कम्पनी/उद्योग/व्यवसाय/फर्मले कार्य सञ्चालनका लागि पेश गर्नुपर्ने लिखित विवरण

**१. आयोजना/कम्पनी/उद्योग/व्यवसाय/फर्मको विवरण:-**

| क्र.सं. | आयोजना/कम्पनी/उद्योग/ व्यवसाय/फर्मको नाम | आयोजना स्थल | ठेकेदार कम्पनीको नाम | कार्य शुरु हुने मिति | आयोजना सम्पन्न हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**२. कामदारको विवरण :-**

| क्र.सं. | कामदारको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|
| | नाम,थर | ठेगाना | उमेर | सम्पर्क नं. | |
| | | | | | |

**३. योजनामा प्रयोग हुने सवारी साधनहरुको विवरण:-**

| क्र.सं. | सवारी साधन नं. | सवारी साधन किसिम | प्रयोग हुने स्थान | | सवारी चालकको नाम,थर | | ढुवानी हुने सामग्रि विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | नाम,थर | सम्पर्क नं. | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

**४. स्वास्थ्य सम्बन्धी स्रोत सामग्रिहरुको व्यवस्था**

| क्र.सं. | उपलब्ध स्वास्थ्य सामग्री | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | Infrared Thermometer | | |
| २ | Surgical Mask | | |
| ३ | Hand Sanitizer | | |
| ४ | Gloves | | |
| ५ | Disinfection materials | | |
| ६ | अन्य | | |

## ५. विविध

| क्र.सं. | पालना गर्नुपर्ने शर्तहरु | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | कामदारलाई क्याम्पभित्र बस्ने व्यवस्था भए/नभएको | | |
| २ | भौतिक दुरी कायम हुने व्यवस्था गरे/नगरेको | | |
| ३ | कामदारलाई खाना तथा खाजा योजना निर्माणस्थलमा भए/नभएको | | |
| ४ | सबै कर्मचारी तथा कामदारलाई परिचयपत्र उपलब्ध हुने व्यवस्था भए/नभएको | | |
| ५ | कामदारको दैनिक ज्वरो मापन गरी अभिलेख राख्ने व्यवस्था भए/नभएको | | |